# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

महाशिला गाँउपालिका

गाउँ कार्यपालिकाको कार्यालय

वालाकोट, पर्वत

गण्डकी प्रदेश, नेपाल

२०८२ असार १०

**गाउँसभाका सदस्यज्यूहरु,**

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भएसँगै संरचना निर्माण भएका स्थानीय तहहरुको राजनैतिक प्रतिनिधित्वमार्फत नागरिकको घरदैलोको सरकारको रुपमा रही कार्य गर्ने सन्दर्भमा यस महाशिला गाउँपालिकाको अध्यक्षको रुपमा तेश्रो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त गरेको छु । स्थानीय सरकारलाई प्राप्त हुँदै आएको रचनात्मक साथ, समर्थन र सहयोगका लागि सम्पूर्ण गाउँपालिकाबासीमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२. यस अवसरमा संघीय गणतन्त्रात्मक राज्य व्यवस्थाको निर्माणका लागि विभिन्न समय र परिस्थितीमा जीवन उत्सर्ग गर्नुहुने वीर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । संघीयतामूलक राजनैतिक व्यवस्था स्थापनाका लागि योगदान गर्नुहुने सम्पूर्ण राजनीतिक दलका नेताप्रति सम्मान प्रकट गर्दछु ।

३. समृद्ध नेपालः सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि स्थानीय तहले आफ्नो सामर्थ्यले सार्वजनिक सेवा प्रवाह तथा विकासात्मक र सामाजिक सुरक्षामूलक कार्यक्रमहरुमार्फत योगदान दिंदै आएका छन । यस स्थानीय तहले उक्त राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि अख्तियार गरेका नीति तथा कार्यक्रमहरुले स्थानीय स्तरबाट संघीयताको मर्मको यथोचित सम्बोधन गरेको अनुभूत गरेको छु ।

४. गाउँपालिकाले तय गरेको गाउँपालिकास्तरीय दीर्घकालिन लक्ष्य प्राप्तिका लागि अख्तियार गरेका नीति, निर्माण गरेका योजना र कार्यान्वयनमा ल्याएका क्रियाकलापहरुले अपेक्षित उपलब्धि हासिल गरी गाउँपालिकाको दीर्घकालिन लक्ष्य प्राप्तिका लागि सकारात्मक नतिजा प्राप्त हुँदै आएको विदितै छ । गाउँपालिकाका हरेक नागरिकको मनमनको सरकारको रुपमा स्थापित भै संघीयताको यथार्थ अभ्यासलाई सार्थक बनाउन यस स्थानीय तह सफल रहेको भन्ने परिणाम नागरिक सर्वेक्षणहरुले देखाएका छन ।

५. अब म चालू आर्थिक वर्ष २०८१/८२ मा गाउँपालिकाले विभिन्न क्षेत्रमा प्राप्त गरेका उपलब्धिहरुको संक्षिप्त व्यहोरा प्रस्तुत गर्दछु ।

५.१ स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (लिजा) मा ८१.७५ अंक र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (एफआरए) मा ७३.५० अंकका प्राप्त भएको । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन अनुसार ७३.६ अंक प्राप्त भएको छ ।

५.२ गाउँपालिका भित्रको जनसंख्यिकिय स्थिति, आवास पुर्वधार स्थिति, सामाजिक स्थिति, आर्थिक स्थिति, संकट र प्रकोट स्थिति लगायतका डाटाहरुलाई एकै ठाँउबाट प्राप्त गर्न युएनडिपीसँगको सहयोग र सहकार्यमा सामाजिक आर्थिक जोखिम सुचना व्यबस्थापन प्रणाली कार्यक्रम कार्यान्वयनमा ल्याइएको ।

५.३ विद्यालयको समग्र शैक्षिक अवस्थाको अनुगमन निगरानीको लागि गाउँपालिकाको भवनमा अवलोकन कक्षा राखि विद्यालयहरमा ऋत्ऋत्ख जडानको काम सुरुवात गरिएको ।

५.४ कृषि तथा पशु सेवातर्फ उत्पादन वृद्धि गरी नागरिकको आयस्तरमा अभिवृद्धि गर्नका लागि तरकारी र फलफूलमा प्रति केजि रु ५ र मासुजन्य पशुमा प्रति केजि रु २५ अनुदान प्रदान गर्ने गरी उत्पादन महाअभियान कार्यक्रम सुरुवात गरिएकोमा तरकारी तथा फलफूलतर्फ करिब १ करोड २० लाख र मासुजन्य उत्पादनतर्फ करिब रु २ करोडको निर्यात भएको ।

५.५ कृषकको उत्पादन तौल जोख कार्यका लागि गाउँपालिकाभित्रका सबै टोल टोलमा तौल तराजु पुग्ने गरी ३३ ओटा तराजु वितरण गरिएको ।

५.६ पहिलोपटक महाशिलाको चिया बिक्री गरी राजस्व संकलन गरिउको ।

५.७ पशुसेवातर्फ गाउँपालिकाभित्र कृत्रिम गर्भाधान (एआइ) कार्यको सुरु गरिएको ।

५.८ ४७ जना कृषकको गोठको भकारो सुधार र ४० कृषकको बाख्रा खोर सुधार कार्यमा ५० प्रतिशत अनुदानको कार्यक्रम सञ्चालन भएको ।

५.९ सवै विद्यालयहरुका प्रधानाध्यापकहरुको सहभागितामा स्याङ्जा, रुपन्देही, नवलपरासी, चितवन, कास्की लगायतका नमूना विद्यालयहरुको शैक्षिक अवलोकन भ्रमण गरी सिकाइ प्राप्ति गरिएको ।

५.१० नसर्ने रोगहरुको पहिचानका लागि महाशिला आधारभूत अस्पतालमा गाउँपालिकाभित्रका ४० वर्ष भन्दा बढी उमेरका ६२५ जना नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको ।

५.११ घरदैलोमा पुगि स्वास्थ्य चेकजाँच कार्यक्रमको प्रभावकारिताका कारण स्वास्थ्य स्थितीमा सुधार आएको ।

५.१२ प्रसूति सेवाका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रवाहमार्फत शून्य होम डेलिभरी कायम गरिएको छ ।

५.११ अपाङ्गता परिचयपत्रलाई डिजिडल माध्यमबाट जारी हुने व्यवस्था गरिएको ।

५.१२ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ५४ जना बेरोजगारलाई १०० दिनको दरले रोजगारी प्रदान गरिएको ।

५.१३ प्रत्येक वडामा बजार अनुगमन तथा व्यवसाय दर्ता नवीकरणसम्बन्धि सघन अनुगमन गरी सबै वयवसायलाई करको दायरामा ल्याईएको ।

५.१४ घरफर्क प्याराप्यारी कार्यक्रम अन्तर्गत ८ घरपरिवार बसाइ फिर्ता गरी यस स्थानीय तहमा आएको ।

५.१५ कक्षा २, ४, ६, ८ र ९ को सिकाइ उपलब्धि मापन परीक्षा सञ्चालन गरिएकोमा साविकमा रहेको सिकाइ उपलब्धि अंक ३५ बढोत्तरी भई शैक्षिक वर्ष २०८१ को सिकाइ उपलब्धि अंक ४८ प्रतिशत रहेको ।

गाउँसभाका सदस्यज्यूहरु,

६. संविधानबमोजिम एकल अधिकारको रुपमा प्राप्त भएका अधिकारक्षेत्रभित्रका विषयहरुमा थप प्रभावकारी कानून निर्माण गरी कार्यक्रम कार्यान्वयन गर्ने, संघीय सरकार र प्रदेश सरकारसँग साझा विषयका अधिकारक्षेत्रका सम्बन्धमा यस स्थानीय तहलाई अधिकतम प्रतिफल प्राप्त हुने गरी सौदाबाजीमार्फत लाभ प्राप्त गर्ने, स्थानीय अवसरहरुलाई उपयोग गर्ने र विकास, समृद्धि र सुशासनमा विशिष्ट पहिचान कायम गर्ने विषय स्थानीय सरकारको प्राथमिकताको विषय रहनेछ । स्थानीय तहहरुमध्येमा नमूना स्थानीय तहको रुपमा ब्राण्डिङ स्थापित गर्नका लागि कार्यगत उत्कृष्ट अभ्यासहरुको अनुसरण तथा नवप्रवर्तनशील कार्यहरुमा विशेष जोड दिइनेछ । आइडिया बैंकको अवधारणालाई समावेश गरिनेछ ।

७. ग्रामीण अर्थतन्त्रको बलियो आधारको सिर्जना गर्ने, युवा जनशक्तिलाई स्थानीयस्तरमै टिकाई आय ,उत्पादन र रोजगारीका कार्यलाई बढोत्तरी दिने, उत्पादनमा आधारित कृषि प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने, दक्ष मानव संसाधन विकासका लागि सबल संस्था तथा सक्षम प्रशिक्षकको विकास

गर्ने कार्य र भौतिक पूर्वाधारको दिगोपना कायम गर्ने विषयहरु यस नीति तथा कार्यक्रमको केन्द्रको रुपमा रहनेछन । मूर्त तथा अमूर्तरुपमा रहेका स्थानीय सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रचारप्रसारको कार्यका लागि यस नीति तथा कार्यक्रमले विशेष प्राथमिकता दिएको छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

८. स्थानीय तहको स्थापनाभएपश्चात दोश्रो पटक कायम भएको गाउँसभाबाट पारित भएका नीति, योजना तथा कार्यक्रमहरुका साथै गाउँकार्यपालिकाबाट भएका निर्णयहरुलाई प्रशासनिक संरचनाबाट प्रभावकारीरुपमा कार्यान्वयन गरिएको छ। प्रशासनिक क्षेत्रको क्षमता अभिवृद्धि गर्ने, उत्प्रेरणा सिर्जना गर्ने तथा तटस्थ प्रशासनको आधारभूत मूल्यमान्यतालाई कायम गराउने कार्यलाई थप प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ। नागरिकमैत्री सार्वजनिक सेवा प्रवाहलाई थप चुस्त र प्रभावकारी बनाइनेछ। कर्मचारीमा सेवा प्रवाहमा नवप्रवर्तन स्थापना गर्नका लागि असल अभ्यास सिकाइ सञ्चालन गरिनेछ। दरबन्दीबमोजिमको कर्मचारी रिक्तताको पूर्ति र कर्मचारी टर्नओभरलाई विशेष ध्यान दिई सो मा गरिनुपर्ने सुधारका लागि आवश्यक कार्य गरिनेछ । कर्मचारी र स्थानीय तहबीचको भावनात्मक सम्बन्ध कायम गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। पूर्व तथा बहालवाला कर्मचारी र जनप्रतिनिधीबीचको सुमधुर सम्बन्ध कायम गर्नका लागि आवश्यक कार्यक्रमसुरु गरिनेछ।

९. जनप्रतिनिधीहरुको काम, कर्तव्य र अधिकारक्षेत्रका सम्बन्धमा बोध गराउने र दक्षता अभिवृद्धि गर्ने कार्यका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । पूर्व जनप्रतिनिधीहरु तथा अन्तरस्थानीय जनप्रतिनिधीहरुसँग अनुभव र सिकाइ आदानप्रदान कार्यका लागि प्रबन्ध मिलाइनेछ।

१०. वित्तीय संघीयताको मूल मर्म स्थानीय तहका सरकारहरु स्वयंको वित्तीय क्षमतामार्फत आफ्नो सरकार सञ्चालन गर्न सक्षम हुनुपर्दछ भन्ने नै हो । सेवा प्रवाहमा सन्निकटताको सिद्धान्त र वित्तीय व्यवस्थामा सक्षमताको सिद्धान्त बमोजिम कार्य गर्नुपर्ने भएको हुँदा वित्तीय रुपमा सबलता तथा सक्षमताको विकासका लागि उचित अभ्यास गरिनेछ। तोकिएका कर तथा गैरकरको उठति कार्यका लागि समुदाय स्वयं र जनप्रतिनिधीहरुलाई बढी जिम्मेवार बनाउने नीति अख्तियार गरिनेछ । नागरिकले तिर्ने कर र गाउँपालिकाले नागरिकलाई प्रदान गर्ने सेवा-सुविधाका बीचमा प्रत्यक्ष

सम्बन्ध कायम हुने संयन्त्रको विकास गरिनेछ । कर सिर्जना, कर दायित्व र कर लाभका विषयमा प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने कर तथा गैरकर रकमको भुक्तानीका लागि आधुनिक प्रविधिको प्रयोग गर्ने कार्यका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

११. स्थानीय तहप्रति आमानागरिकको आशा र भरोसालाई सम्बोधन गर्दै संघीयताको मर्मलाई तल्लो तहबाट नै कार्यान्वयन गर्ने र यसको दीगोपनाका लागि विश्वाश सिर्जना गर्ने कार्यका लागि सहज र सरल नागरिक केन्द्रित सेवालाई थप प्रभावकारी बनाइनेछ । **सुशासन, विकास र समन्याययुक्त महाशिला** बनाउने कार्यका लागि भविष्यपरक रुपमा आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमले निम्न विषयलाई जोड दिएको छ ।

(क) शैक्षिक क्षेत्रमा अभ्यास गरिएका नवीन प्रयासहरुमार्फत दीगो शैक्षिक उन्नयनका लागि आधार सिर्जना गर्ने । समुदाय-विद्यालय-विद्यार्थीबीचको त्रिकोणीय सम्बन्धलाई थप बलियो बनाउने ।

(ख) व्यावसायिक सोंच सहितको शिक्षा प्रणालीको विकास गरी विद्यार्थीमा उद्यमशिलताको भावना जागृत गराउने । विद्यालयलाई उद्यम तथा व्यावासायिक पाठशालाको रुपमा विकास गराउने ।

(ग) सबै नागरिकलाई सहज र सरलरुपमा आधारभूत स्वास्थ्य सेवाको सुविधा उपलब्धता सुनिश्चित गर्ने । न्यून आय भएका नागरिकलाई स्वास्थ्य बीमाको कार्यक्रममार्फत उपचार खर्चमा हुन सक्ने आर्थिक जोखिमलाई न्यून गर्ने ।

(घ) स्थानीय तहबाट हुने कार्यक्रम र क्रियाकलापहरु आय, उत्पादन र रोजगारीकेन्द्रित हुने गरी सञ्चालन गर्ने । निर्वाहमुखी कृषि अर्थतन्त्रलाई व्यावासायिक कृषि क्षेत्रको रुपमा विकास गर्ने ।

(ङ) दिगो सामाजिक नतिजा देखिने आर्थिक क्रियाकलापहरुको लागि आधार सिर्जना गर्ने । स्थानीय स्तरमै रोजगारीका अवसरको सिर्जना मार्फत बाध्यात्मक बसाइसराइको अवस्थालाई न्यूनिकरण गर्ने ।

(च) सार्वजनिक सेवालाई चुस्त, प्रभावकारी र नागरिक केन्द्रित बनाउने ।

(छ) हरेक क्रियाकलापमा नागरिकको सहभागिता वृद्धि गर्ने गरी सहभागितात्मक कार्यप्रणालीको विकास गर्ने ।

गाउँसभाका सदस्यज्यूहरु,

१२. कृषि क्षेत्रको दिगो विकास नै महाशिला समृद्धिको प्रमुख आधार हो भन्ने सोंचका साथ आगामी आर्थिक वर्षमा भूमि, कृषि, उत्पादन र कृषकबीचको सम्बन्धलाई एकअर्काका अभिन्न अङ्गको रुपमा स्थापित गरिनेछ । स्थानीय तहभित्र रहेका बाँझो जग्गाको उपयोगका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय तह आफैंले कृषि उत्पादनमा प्रत्यक्ष सहभागिता जनाई कृषकहरुलाई थप उत्प्रेरित बनाइनेछ ।

१३. कृषि उत्पादनमा लाभ लागत विश्लेषणका आधारमा अनुदान कार्यक्रमलाई व्यवस्थित बनाइनेछ । चालू आर्थिक वर्षदेखि सुरु भएको **उत्पादन महाअभियान** कार्यक्रमलाई थप व्यवस्थित र नतिजामूलक बनाइनेछ। सामूहिक खेती प्रणाली र Mass Production को कार्यलाई प्रोत्साहित गर्नका लागि त्यस्ता कार्यक्रमका लागि थप अनुदानको व्यवस्था मिलाइनेछ। पूर्णरुपमा कृषि उत्पादनमा लाग्ने व्यावसायिक फर्मलाई विशेष प्राथमिकता प्रदान गरिनेछ ।

१४. कृषकहरुलाई उत्पादनमा प्रोत्साहन गर्न कृषि एम्बुलेन्स र सहकारी/कृषि समूहमार्फत उत्पादित वस्तुहरुको बजारीकरणको समेत व्यवस्थापन गरिनेछ। आगामी वर्षदेखि स्थानीय तहमा उत्पादित कृषि उपजको एकीकृत बजारको स्थापना गरिनेछ। खशी, बोकाको मासु निर्यात गर्ने दीगो आधारको सिर्जना गरिनेछ । व्यावसायिक दूध उत्पादनका लागि उन्नत जातको गाई पालनमा अनुदान दिइनेछ ।

१५. टोल टोलमा नर्सरीः घर घरमा करेसाबारी कार्यक्रम सञ्चालन गरिनेछ।

१६. कम्तिमा एक वटा वडालाई फूलको वडाको रुपमा विकास गर्ने गरी पुष्प खेती कार्यक्रम सञ्चालन गरिनेछ। **भोक्सिङ्गको आलु** लाई ब्राण्डिङ गरिनेछ।

१७. प्राङ्गारिक मल उत्पादन गरी कृषि प्रणालीमा पूर्ण प्राङ्गारिकताको सुनिश्चित गर्दै प्राङ्गारिक गाउँपालिका बनाइनेछ।

१८. पूर्णरुपमा कृषिमा आश्रित परिवार र व्यवसायले लिने कृषि ऋणमा लाग्ने ब्याजमा निश्चित अनुदान प्रदान गर्ने कार्यक्रमलाई सुरुवात गरिनेछ। कृषि क्षेत्रको जुनसुकै विधामा उद्यम गर्न चाहने कृषकलाई सहुलियत ऋण प्रदान गर्न सकिने गरी आवश्यक कानूनी व्यवस्था मिलाइनेछ।

१९. दैवीप्रकोपबाट कृषकको उत्पादन र उद्यममा हुने क्षतिका कारण कृषकलाई हानीनोक्सानी न्यून गर्न प्रकोप कोषको व्यवस्था मिलाइनेछ।

२०. रैथाने पशुको पालन गर्ने कृषकलाई विशेष प्रोत्साहन उपलब्ध गराइनेछ । रैथाने बाली, बीउ, नश्ल र कृषि जैविक विविधताको संरक्षण र प्रोत्साहन गरिनेछ । विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग प्रत्यक्ष सम्बन्धित रहने बनाइनेछ ।

२१. शैक्षिक वातावरणको निर्माणका लागि भौतिक पूर्वाधारको निर्माण र निर्मित संरचनाको सौन्दर्यकरणका कार्यक्रम सञ्चालन गरिनेछ । सूचकका आधारमा विद्यालयहरुबीच प्रतिस्पर्धाको वातावरण सिर्जना गरिनेछ । क्षेत्रगतरुपमा उत्कृष्ट हुने विद्यालयहरुलाई विशेष सहायताको नीति लिइनेछ । प्रविधिमा आधारित विद्यालय अनुगमन प्रणालीको विकास गरी सूचना प्रविधिमा आधारित क्रियाकलापहरुको सञ्चालनमा विशेष जोड दिइनेछ । आवासिय विद्यालयको कार्यक्रमलाई क्रमश: सबै विद्यालयहरुमा लागू गर्नका लागि व्यवस्था मिलाइनेछ । विद्यार्थी संख्या, समुदायको स्थिती र विद्यालयको नतिजाका आधारमा विद्यालय मर्जको नीति अगाडी बढाइनेछ । सबै विद्यालयहरुलाई दुई पाङ्गे सवारी साधनको लागि तोकिए बमोजिम इन्धन र मर्मत खर्च उपलब्ध गराइनेछ ।

२२. सरकारी कोषका वेतनभोगी जनप्रतिनिधी, शिक्षक, कर्मचारीहरुका सन्तानलाई कक्षा दससम्म सरकारी/सामुदायिक विद्यालयमा पठनपाठन गराउनुपर्ने नीतिलाई कडाइका साथ लागू गरिनेछ ।

२३. आर्थिक रुपमा कमजोर परिवारका सदस्यहरुको माध्यमिक शिक्षासम्मको अध्ययनका लागि आर्थिक सहायता उपलब्ध गराइनेछ । स्थानीय तहभित्र बसोबास गर्ने नागरिकहरुले कृषि, पशु, चिकित्सा, इन्जिनियरिङ जस्ता प्राविधिक विषय अध्ययन गर्न आर्थिक रुपले कठिन महशुश गरेमा अध्ययनपश्चात निश्चित समय स्थानीय तहभित्र स्यवंसेवक कर्मचारीको रुपमा कार्यरत रहने गरी अध्यापन गराइनेछ ।

२४. शिक्षक बैंकको अवधारणालाई अगाडी बढाइनेछ । शैक्षिक क्षेत्रको विकासका लागि आइडिया बैंक लागू गरिनेछ । शिक्षक प्रोत्साहनको नीति लिइनेछ । स्थानीय तहभित्रै **भिजिटिङ टिचर**को कार्यक्रम लागू गरिनेछ ।

२५. विद्यालय फूलवारी कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत **कक्षा दसभन्दा माथि अध्ययनरत विद्यार्थीहरुलाई विभिन्न सार्वजनिक सेवाका कार्यक्रममा आबद्ध बनाइनेछ** । विद्यार्थी पेवा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

२७. स्तरबृद्धि मापन परीक्षालाई थप व्यवस्थित बनाइनेछ ।

२८. स्वास्थ्य संस्थाहरु तथा सामुदायिक स्वास्थ्य इकाइहरुको सुदृढिकरणको कार्य गरिनेछ। स्वास्थ्य क्षेत्रमा नवीनतम कार्यक्रमहरुको सुरुवात गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ। महाशिला आधारभूत अस्पताललाई थप व्यवस्थित र dedicated hospital को रुपमा विकास गरिनेछ । उपचार खर्च अभावका कारण अप्ठेरोमा परेका नागरिकलाई निश्चित आर्थिक सहायता दिइनेछ । **स्वास्थ्य बीमाको कार्यक्रमलाई सुरुवात गरिनेछ** । गरिब परिवार, महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि लाग्ने प्रिमियम शुल्कमा ५०% लागत व्यहोरिनेछ ।

२९. नागरिकको घरदैलोमा पुगि निःशुल्क स्वास्थ्य जाँच गर्ने गरी ल्याब इन ब्याग र नागरिकको स्वास्थ्यसँग जनप्रतिनिधी कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. सामुदायिक विद्यालयका विद्यार्थीहरुको नियमित चेकजाँच गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. चालिस वर्षभन्दा माथिको उमेरका नागरिकहरुको लागि आवधिक रुपमा निःशुल्क चेकजाँच गर्ने कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

३२. परम्परागत औषधिमूलोको उपचार पद्धतिलाई संरक्षण गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

३३. सरकारी खर्चमा विनियोजन कुशलता वृद्धि गरी प्रतिफलयुक्त कार्यक्रममा लगानी केन्द्रित गरिनेछ । चालू खर्चलाई बाञ्छित सीमाभित्र राखिनेछ । उपभोक्ता समिति तथा ठेक्का मार्फत सञ्चालन गरिने साना-ठूला सबै आयोजनाहरु समयमै सम्पन्न गर्न र गुणस्तर कायम गर्न आवश्यक व्यवस्था मिलाइनेछ । गैरसरकारी संस्थाहरुमार्फत हुने क्रियाकलापहरुलाई स्थानीय तहसँगको समन्वय र सहकार्यमा गर्ने गरी अगाडी बढाइनेछ । समुदाय बाहिर रहेर समुदायभित्रका कार्यक्रममा आर्थिक सहयोग उपलब्ध गराउने कार्यलाई एकद्धार प्रणालीमार्फत व्यवस्थित गर्ने गरी आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ ।

३४. हरेक घरधूरीका सबै सदस्यहरुको सम्पूर्ण तथ्यांकलाई एकीकृतरुपमा विकास गरिएको प्रणालीमा आबद्ध गरिनेछ । स्थानीय तहबाट प्रदान गरिने सहायता रकमलाई एकीकृत सूचना प्रणालीमा भएको तथ्यांकको आधारमा सामञ्जस्यता मिलाइनेछ । एक परिवारको लागि एक प्रकृतिको अनुदान

सहायता एक आर्थिक वर्षमा एक पटक मात्र प्रदान गर्ने गरी system tracking को व्यवस्था मिलाइनेछ ।

३५. स्थानीय तहभित्र रहेका पशुधनको समेत एकीकृत तथ्यांक संकलन गर्ने र स्थानीय जातका राँगा, भैसी र गाइ गोरुको लगत स्वतः अद्यावधिक हुने व्यवस्था मिलाइनेछ ।

३६. सामाजिक सुरक्षाका कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । कठिन भौगोलिक अवस्थाका कारण हुने असहजतालाई न्यून गर्न वित्तीय संस्थासँगको समन्वयमा सरलिकृत सेवा प्रदान गरिनेछ । स्वयंसेवक कामदार र कर्मचारीहरुको सामाजिक सुरक्षा कार्यक्रमलाई थप वस्तुनिष्ठ र योगदानमा आधारित तुल्याइनेछ । महाशिला स्वयंसेवक कार्यक्रमलाई अन्य क्षेत्रमा समेत विस्तार गरिनेछ ।

३७. भौतिक संरचनाको बीमा गर्ने कार्यक्रमको प्रारम्भ गरिनेछ ।

गाउँसभाका सदस्यज्यूहरु,

३८. जल, जमिन, जंगल र जनजिवीकालाई आपसमा अन्तरसम्बन्धित बनाइनेछ । सामुदायिक वनभित्र कृषि कार्य गर्नका लागि आवश्यक सहजिकरण गरिनेछ । वनजंगल तथा पानीका मूलहरुको संरक्षणका लागि आवश्यक व्यवस्था मिलाइनेछ । हरित सडकको अवधारणा अनुरुप सडक छेउमा फूल फूल्ने विरुवाहरुको रोपण कार्य गरिनेछ । **एक गाउँ एक पोखरी कार्यक्रम**को सुरुवात गरिनेछ । मानव वन्यजन्तु द्वन्द्वबाट हुने क्षति न्यूनिकरण कार्यका लागि स्थानीय तहले बीमा कार्यक्रम सञ्चालन गर्नेछ ।

३९. ग्रामिण पर्यटन वृद्धि गरिनेछ । स्थानीय तहभित्र रहेका भाषा, लिपी, संस्कृति, धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण र विकास तथा संस्कृतिको अन्तरपुस्ता हस्तान्तरणको व्यवस्था मिलाइनेछ । महाशिला, फलामखानी धुँवाकोट र पैयूकोट क्षेत्रलाई राष्ट्रिय स्तरमा प्रचार गरी धार्मिक तथा पदयात्रा पर्यटनलाई विकास गरिनेछ ।

४०. श्रम गर्ने संस्कारको विकास गर्दै श्रममा आधारित समुदायको विकास गरिनेछ । उद्यमशिलताको विकास मार्फत उद्यमी निर्माण र लघु तथा घरेलु उद्यमको विकास गरिनेछ । सहकारीक्षेत्रमा आबद्ध सदस्यहरुको समेत उद्यमशीलता मापन गरी प्रोत्साहन गरिनेछ । **विदेश हैनः विजनेश** नाराका साथ उद्यम प्रबर्द्धन गरिनेछ । केराबाट धागो उत्पादन गरी लघु उद्यम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४१. स्थानीय तहभित्रका ज्येष्ठ नागरिकको अनुभव र पुराना सामुदायिक कुराहरुको संरक्षणका लागि Audio Bank को अवधारणा लागू गरिनेछ। दलित, अपाङ्ग, असहाय तथा कमजोर वर्गका नागरिकको उत्थान गरिनेछ। महिला र दलित लक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४२. खेलकुद क्षेत्रको विकासका लागि विद्यालय र स्थानीय क्लबहरुलाई जिम्मेवार बनाइनेछ । जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा खेलकुद क्षेत्रमा उत्कृष्ट हुने स्थानीय तहभित्रका खेलाडीलाई प्रोत्साहन उपलब्ध गराइनेछ । हरेक विद्यालयमा बौद्धिक र शारीरिक खेलकुदका कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। योगा कार्यक्रमलाई विस्तार गरिनेछ।

४३. विपन्न नागरिकको आवास निर्माण गरिनेछ। बसाइसराइ गरी स्थानीय तहभित्र फर्कनेलाई प्रोत्साहन गर्न थप कार्यक्रम सञ्चालन गरिनेछ।

४४. सामाजिक सद्भाव र सामुदायिक एकताको विकास गरिनेछ। जुवातास, खुल्ला मदिरा बिक्री जस्ता कार्यलाई नियन्त्रण गरिनेछ । लागूऔषध विरुद्ध सचेतना विकास गरिनेछ। टोलविकास संस्थामार्फत मदिरा तथा अन्य लागू औषधको प्रयोगलाई नियन्त्रण गर्ने गरी प्रोत्साहन कार्यक्रम लागू गरिनेछ।

४५. स्वधर्म, संस्कृति र असल संस्कार सिकाइ तथा पुस्तान्तरणका लागि महिला मञ्च स्थापना गरी कार्यक्रम सञ्चालन गरिनेछ।

४६. **हिंसामुक्त महाशिला** निर्माणका लागि घरेलु हिंसा, जातिय विभेद लगायतका विषयहरुमा सम्बोधन गरिनेछ।

४७. मगर तथा गुरुङ भाषाको लिपी संरक्षण गर्दै अन्तरपुस्ता हस्तान्तरण गर्ने नीति लिइनेछ। परम्परागत आरनहरुको संरक्षणका साथै व्यावसायिकरण गरिनेछ। स्थानीय तहभित्र रहेका हरेक जातिको विवाह संस्कारलाई छायाँकन गरी cultural bank निर्माण गरिनेछ।

४८. परम्परागत ढुँगे बाटोहरुको संरक्षण तथा निर्माण र चौपारीहरुको निर्माण गर्ने कार्यक्रम थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। महाशिला स्वयंसेवक कार्यक्रमतर्फ निर्माण क्षेत्रमा कार्यरत स्वयंसेवकलाई दक्ष कामदार बनाउने गरी तालिमको व्यवस्था मिलाइनेछ।

४९. कलाको संरक्षण कार्यका लागि शिक्षा तथा कला क्षेत्रका व्यक्तित्वहरुको सहभागिता रहने गरी **महाशिला कला कार्यक्रम** सञ्चालन गरिनेछ।

५०. महिला स्वयंसेवक कर्मचारीहरुलाई प्रोत्साहन गरिनेछ।

५१. सहकारी क्षेत्रको स्वस्थता र पारदर्शीता तथा आपसी प्रतिस्पर्धा अभिवृद्धि गर्नका लागि **सहकारी सुशासन वर्ष**को रुपमा मनाइनेछ ।

गाउँसभाका सदस्यहरु,

५२. न्यायिक समितिबाट न्याय सम्पादन गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ । कानूनसम्बन्धि जानकारी सर्वसाधारणसम्म पुऱ्याइनेछ ।

५३. सार्वजनिक सेवामा नागरिकको सन्तुष्टि कायम गर्नका लागि गुनासो व्यवस्थापन कार्यलाई **समर्पित सेवा** को रुपमा स्थापना गरिनेछ । पेपरलेस कार्य संस्कृतिका लागि इन्टरनेटमा आधारित सेवा प्रवाह मिलाइनेछ ।

५४. राष्ट्रसेवक कर्मचारीहरुको कार्यसम्पादनमा थप प्रभावकारिता ल्याउन कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली सुरु गरिनेछ । तोकिएको जिम्मेवारी इमानदारीताका साथ सम्पादन नगर्ने सरकारी वेतनभोगी कर्मचारीलाई कारबाहीको दायरामा ल्याइनेछ । स्थायी तथा करार सेवामा कार्यरत कर्मचारीको कल्याण कोषका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

५५. वार्षिक कार्यक्रमको रुपमा तय भएका क्रियाकलापहरुको कार्यान्वयनका लागि साउन महिनाको पन्ध्र गतेभित्र कार्य तालिका प्रकाशन गरिनेछ । तोकिएको समयमा कार्य सम्पन्न नगर्ने कर्मचारी, कृषक, निर्माण व्यवसायी र उपभोक्ता समितिलाई कारबाही गरिनेछ । त्यस्तो कार्यतालिकाको पालना अनिवार्यरुपमा गरिनेछ ।

५६. स्थानीय तहबाट सम्पादन हुने र भएका क्रियाकलापहरुको लागि इन्टरनेटमा आधारित **हाम्रो महाशिला कार्यक्रम** सञ्चालन गरिनेछ ।

५७. २०८२/८३ देखि २०८७/८८ सम्मको लागि पञ्चवर्षीय योजना निर्माण गरिनेछ ।

५८. गाउँपालिका भित्र खानेपानी र विद्युत उपभोक्ता समिति मार्फत हुँदै आएको काम गाउँपालिका मार्फत गरिने व्यवस्था मिलाइने छ ।

५९.उत्पादन महाअभियान अन्तर्गत प्रोत्सहान अनुदान प्राप्त गर्ने सहकारीहरुले प्राप्त गर्ने अनुदान रकममा एकरुपता ल्याइने छ ।

गाउँसभाका सदस्यज्यूहरु,

६०. आर्थिक वर्ष २०८२/८३ को यस नीति तथा कार्यक्रमले **हाम्रो महाशिलाः राम्रो महाशिला** अभियानलाई सार्थक बनाउन आधार सिर्जना गर्ने कार्यमा विश्वाश लिएको छु । सम्पूर्ण महाशिलावासी नागरिकहरुको सुख र खुशीका

लागि समुदायकेन्द्रित कार्यक्रम विस्तार हुने र स्थानीय तहप्रति आम नागरिकको थप भरोसा सिर्जना हुनेछ ।

६१. यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट स्थानीय स्तरमै आय, उत्पादन र रोजगारीका अवसरहरुको वृद्धि हुने र नागरिकको जीवनस्तरमा सुधार भई बाध्यात्मक बसाइसराइको अवस्थामा न्यूनिकरण हुने विश्वाश लिएको छु । विकासमा नागरिक सहभागिता सुनिश्चित भई प्रत्येक क्रियाकलापमा नागरिकको **अपनत्व, ममत्व र स्वामित्व** स्थापित हुनेछ ।

६२. अन्त्यमा, यो नीति तथा कार्यक्रम तर्जुमाका लागि रचनात्मक साथ, सहयोग र सुझाव प्रदान गर्नुहुने गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, निवर्तमान गाउँसभाका सदस्यज्यूहरु, स्थानीय भद्रभलाद्मी तथा बुद्धिजिवीहरु र राष्ट्रसेवक कर्मचारीहरुमा धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद !